# गौरीशंकर गाउँपालिका

**Gaurishankar Rural Municipality**
गाउँ कार्यपालिकाको कार्यालय
**Office of the Rural Municipal Executive**
सुरी, दोलखा | Suri, Dolakha
बागमती प्रदेश, नेपाल, Bagmati Province, Nepal

पत्र संख्या / Ref. no : ०८२।८३
च.न. / Dispatch No : ४६४

मितिः २०८२।०९।१७

**अपाङ्गता भएका व्यक्तिहरुको पुनस्थापना सम्बन्धी कार्यक्रम सञ्चालनका लागी प्रस्ताव आह्वान सम्बन्धी सूचना**

गौरीशंकर गाउँपालिकाको कार्यालय, दोलखाको स्वीकृत वार्षिक कार्यक्रम अनुसार अपाङ्गता भएका व्यक्तिहरूको सशक्तीकरण, समावेशीकरण तथा जीवनस्तर सुधार गर्ने उद्देश्यले समुदायमा आधारित पुनःस्थापना (Community Based Rehabilitation – CBR) कार्यक्रम सञ्चालन गर्नुपर्ने भएकाले अपाङ्गताको क्षेत्रमा काम गर्दै आएका दर्ता प्राप्त गैरसरकारी संस्था, सामुदायिक संस्था तथा सेवा प्रदायक निकायहरू बाट तल उल्लेखित कार्यक्रम सञ्चालनका लागी यस सूचनाको मितिले १५ दिन भित्र प्रस्ताव आह्वान गरिन्छ।

**प्रस्ताब पेश गर्ने क्षेत्र हरु ;**

१. गाउँपालिका भित्रका अपाङ्गता भएका व्यक्तिहरुको खण्डिकृत तथ्याङक संकलन
२. अपाङ्गता भएका व्यक्तिहरूलाई मनोसामाजिक परामर्श तथा फिजियोथेरापी वा अन्य थेरापी सेवा प्रदान

**प्रस्तावमा अनिवार्य समावेश हुनुपर्ने विवरणहरू:**

१. संस्थाको संक्षिप्त परिचय तथा कानुनी दर्ता प्रमाणपत्र
२. अपाङ्गताको क्षेत्रमा गरिएको कार्य अनुभव विवरण
३. प्रस्तावित कार्यक्रमको उद्देश्य, लक्ष्य समूह र कार्यक्षेत्र
४. कार्यक्रम सञ्चालन विधि तथा विस्तृत कार्ययोजना
५. अनुमानित बजेट विवरण
६. अपेक्षित नतिजा तथा दीर्घकालीन प्रभाव
७. २०८१/०८२को कर चुक्ता प्रमाणपत्र प्रतिलिपी
८. अपाङ्गता भएका व्यक्तिका लागि समुदायमा आधारित पुनर्स्थापना कार्यक्रम सञ्चालन कार्यविधि, २०८० दफा ९ बमोजिम सम्पूर्ण योग्यता पुगेको ।

**प्रस्ताव बुझाउने अन्तिम मिति तथा स्थान :**

सूचना प्रकाशित मितिले १५ (पन्ध्र) दिनभित्र, कार्यालय समयभित्र गौरीशंकर गाउँपालिकाको कार्यालय वा आईताबार तथा सोमबार भोर्ले सेवा केन्द्र वा ईमेल मार्फत **Email: gaurishankarrm0@gmail.com / ito.gaurishankarmun@gmail.com**

(प्राप्त प्रस्तावहरू अपाङ्गता भएका व्यक्तिका लागि समुदायमा आधारित पुनर्स्थापना कार्यक्रम सञ्चालन कार्यविधि, २०८० बमोजिम मूल्याङ्कन गरी उपयुक्त संस्थासँग सम्झौता प्रक्रिया अघि बढाइनेछ।) यस विषयमा थप केही बुझ्नु परेमा महिला शाखाको सम्पर्क नं ९८४४३०३२१९ मा सम्पर्क गर्न सकिनेछ ।

रिजेश उपरकोटी
प्रमुख प्रशासकीय अधिकृत